
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७०८९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज २५ गते मंगलबार ❑ 11 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कास्कीमा सम्पूर्ण क्रियाशिल सदस्य रहेको प्रचारप्रसार समिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

नेपाली कांग्रेस कास्कीले आगामी मङ्सिर ४ गते हुने निर्वाचनलाई लक्षित गरी पार्टीका तर्फबाट २२ हजार एक सदस्यीय मूल प्रचारप्रसार समिति गठन गरेको छ।

कास्की कांग्रेसका सभापति किशोरदत्त बरालको सभापतित्वमा सोमबार बसेको बैठकले पार्टीको तर्फबाट क्षेत्रीय सभापतिहरू र पोखरा महानगर सभापति सहसंयोजक रहनेगरी पार्टीका सम्पूर्ण क्रियाशिल सदस्यहरू रहेको प्रचारप्रसार समिति गठन गरिएको कास्की कांग्रेसका प्रवक्ता विश्वशङ्कर पालिखेले जानकारी दिनुभयो।

निर्वाचनकै सम्बन्धमा सचिव भानुभक्त ढकालको संयोजकत्वमा रामजी कोइराला, मनबहादुर लामगादे, निर्मला कार्की भण्डारी सदस्य रहनुभएको सचिवालय समिति गठन गरिएको छ। जिल्ला कोषाध्यक्ष माइकल कर्माचार्यको संयोजकत्वमा अर्थ उपसमिति गठन गरिएको छ। बैठकले घोषणापत्र तयारीका लागि प्राध्यापक पद्मशरण रेग्मी, कपिलमणि दाहाल र दिपेन्द्र ढकाललाई जिम्मेवारी दिएको छ। कानुनी परार्शमका लागि निवर्तमान जिल्ला सदस्य कृष्ण तिमिल्सिना संयोजकको समितिलाई जिम्मेवारी दिइएको छ।

बैठकले निर्वाचनका सन्दर्भमा सामाजिक सञ्जाल र सञ्चारमाध्यममा अनावश्यक भ्रम छर्ने गतिविधिमा संलग्न नहुन पार्टीका सबै क्रियाशिल सदस्य एवम् शुभेच्छुकहरूलाई अनुरोध गर्दै पार्टी निर्णय विपरित उम्मेदवारी दर्ता गर्नुभएका पार्टीका जिम्मेवार नेता कार्यकर्तालाई तत्काल उम्मेदवारी फिर्ता लिन अपिल गरेको छ।

बैठकले कांग्रेस कास्कीका जिल्ला सदस्य सुदीप गौतमको असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ। यसैबीच कास्कीमा क्रियाशिल पाँच दलीय गठबन्धनको बैठक नेपाली कांग्रेस कास्कीको पार्टी कार्यलयमा सम्पन्न भएको छ। बैठकले कास्कीका तीन वटै निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसको संयोजकत्वमा र गठबन्धनका दलको सहसंयोजकत्वमा क्षेत्रीय निर्वाचन परिचालन समिति गठन गर्ने निर्णय गरेको कास्की कांग्रेसका सहसचिव नविन सिग्देलले जानकारी दिनुभयो। बैठकले कास्कीका सबै वडामा संयुक्त निर्वाचन प्रचारप्रसार समिति गठन गर्ने निर्णय गरेको र कांग्रेसको पार्टी कार्यालयलाई गठबन्धन दलको मुख्य निर्वाचन परिचालन सचिवालय बनाउने निर्णय गरेको छ।

## नवौं राष्ट्रिय खेलकुदको ट्रफी मुख्यमन्त्री पोखरेलद्वारा सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०७९' को ट्रफी गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पोखरामा सोमबार सार्वजनिक गरेका छन्।

प्रदेशखेलकुदपरिषदगण्डकीले पोखरा मानवअधिकारचोकमा आयोजित एक कार्यक्रममा मुख्यमन्त्री पोखरेलले ट्रफी सार्वजनिक गरेका हुन्। सो अवसरमा मुख्यमन्त्री पोखरेलले ३९ वर्षपछि आयोजना हुन लागेको नवौं राष्ट्रिय खेलकुदको ट्रफी सार्वजनिक गर्न पाउनु गौरवको कुरा रहेको बताए।

'राष्ट्रिय पर्वका सन्दर्भमा ट्रफी सार्वजनिक गर्न पाउनु हाम्रो लागि गौरवको विषय हो। यो अभियानलाई सफल बनाउन लागिपर्ने सबैमा म आभार व्यक्त गर्दछु', मुख्य मन्त्री पोखरेलले भने। मुख्यमन्त्री पोखरेलले




सार्वजनिक गरेको ट्रफीलाई नवौंमा जित हासिल गर्दै गण्डकी प्रदेशमा नै राख्नुपर्ने बताउँदै भने, '३९ वर्षपछि पोखरामा नवौं राष्ट्रिय खेलकुद हुँदैछ। नवौंमा सहभागी सबै खेलाडी र टिमले पदक जितेर ट्रफी उचाल्ने स्वार्थ र हक छ तर, यसमा गण्डकीको पनि स्वार्थ रहेकोले ट्रफी गण्डकीमा नै राख्ने गरी उत्कृष्ट प्रदर्शन गर्न म खेलाडीहरुलाई आग्रह गर्दछु। उहाँहरुले उत्कृष्ट प्रदर्शन गरेर गण्डकीमा राखिदिनु भयो भने यो हामी सबैका लागि सम्मान हुनेछ। अहिलेको आधुनिक खेल विकास, समृद्धि, स्वास्थ्य र पर्यटन सँगै कुटनीतिसँग समेत जोडिएकोले खेलकुदको महत्व बढ्दै गएको मुख्य मन्त्री पोखरेलको भनाई थियो। यसैगरी, कार्यक्रममा राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङले ३९ वर्षपछि गण्डकीमा आयोजना हुनु सबैका लागि गौरवको विषय भएको बताउँदै यसको भव्य सफलताका लागि गण्डकी प्रदेशवासीको सहयोगको अपेक्षा रहेको बताए।

सो अवसरमा ट्रफी सार्वजनिक कार्यक्रमका संयोजक एवं ओलम्पियन दिपक विष्ट, साग पदकधारी एवं कराँतेका प्रशिक्षक दीपक श्रेष्ठ, महिला भलिबलकी राष्ट्रिय टिम कप्तान अरुणा शाही र विश्व अल्ट्राधाविका मिरा राईसमेत कार्यक्रममा सहभागिता थियो। कार्यक्रमा प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेजबहादुर गुरुङले समेत आफ्ना भनाई राखे। मुख्यमन्त्री पोखरेलले ट्रफी सार्वजनिक गरेसँगै पोखरा नगरको विभिन्न भाग परिक्रमामापछि पोखरा लेकसाइडस्थित तालबाराही चोकमा पोखरा महानगरका प्रमुख धनराज आचार्यले समापन गरेका थिए।

## मन्त्री थापाद्वारा सुविधाको सवारी फिर्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

गण्डकी प्रदेश सरकारका कानुन, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले आफूले प्रयोग गर्दै आउनुभएको सरकारी सवारी सुविधा फिर्ता गर्नुभएको छ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा गठबन्धनको तर्फबाट कास्की २ (ख) मा प्रदेशसभा सदस्यका लागि आइतबार उम्मेदवार



मनोनयन दर्ता गर्नुभएको मन्त्री थापाले सोमबार सवारी सुविधा फिर्ता गर्नुभएको हो। मन्त्री थापाले गण्डकीको कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रीका रूपमा प्रयोग गर्दै आउनुभएको ग १ भ ५६३ नम्बरको सवारीको चाबी मन्त्रालयका सचिव शम्भुप्रसाद रेग्मीलाई हस्तान्तरण गर्नुभएको हो। मन्त्री थापाले विसं २०७४ को निर्वाचनमा निर्वाचित भएपछि प्राप्त तलब, भत्ता तथा अन्य सुविधा पनि विभिन्न सामाजिक कार्यमा खर्च गर्दै आएको विवरण सार्वजनिक गर्नुभएको थियो।

## दसैँमा पर्यटक नहुँदा बेगनासका डुङ्गा व्यवसायी निराश

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

डुङ्गा चलाउन सुरु गरेको २० वर्ष पुग्यो। त्यतिबेला डुङ्गा चढ्ने व्यक्तिबाट प्रति घण्टा दुई रुपैयाँ शुल्क लिने गरिन्थ्यो। अहिले त्यो शुल्क वृद्धि भई रु सात सय पुगेको छ। पोखराको लेखनाथस्थित बेगनास तालमा दुईदशकदेखि डुङ्गा चलाउँदै आउनुभएका डुङ्गा व्यवसायी ५५ वर्षीय बाबुराम कोइरालाले भन्नुभयो, "तीन वर्षयता पर्यटक नहुँदा व्यवसाय सुस्तायो, महँगीले सीमा नाघ्यो, बाच्न पनि कठिन भयो।" बेगनासतालमा मात्र दुई सय डुङ्गा व्यवसायी आबद्ध छन्। तीन वर्ष अघिसम्म डुङ्गा चलाएर मासिक रु २०/२५ हजार आम्दानी गर्दै आएका डुङ्गा व्यवसायीको अहिले मासिक आम्दानी मुस्किलले रु तीन हजार मात्र हुने गर्छ। "त्यसले एक व्यक्तिलाई पनि खान पुग्दैन परिवार कसरी पाल्ने, देशमा यो अवस्था कहिलेसम्म हो", कोइरालाले भन्नुभयो, "कोरोना सङ्क्रमण हटेसँगै यस वर्षको दसैँमा पर्यटक आउने आशा गरेका थियौं लगातारको वर्षाले रोकिदियो।"

दसैँमा पर्यटक आउछन् र दसैँ खर्च निकालौंला भनी आशा गरेका डुङ्गा व्यवसायी यसपटक निराश बने। "ऋण काढेर दसैँ मनायौं कोइरालाले", भन्नुभयो, अधिकांश डुङ्गा व्यवसायीको अवस्था दयनीय नै रहेको बेगनास ताल डुङ्गा व्यवसायी समितिका कार्यवाहक अध्यक्ष रविराज कँडेल बताउनुभयो। उहाँका अनुसार तीन वर्षअघिको तुलनामा अहिले पाँच प्रतिशत मात्र पर्यटक छन्। तालमा आवद्ध व्यवसायीले तालमा डुङ्गा चलाउन पालो कुर्नुपर्ने उहाँले बताउनुभयो।

"महिनाको दुई दिन मात्र पालो आउछ यस्तो अवस्थामा व्यवसायी धानिने अवस्था रहँदैन केही डुङ्गा व्यवसायी पेशा नै छाडेर विदेश गएका छन् भने केहीले व्यवसाय नै परिवर्तन गरे", कार्यवाहक अध्यक्ष कँडेलले भन्नुभयो।

फेवाताल आउने सबै पर्यटक बेगनास तालमा आउने भए पनि केही मात्रामा राहत हुन्थ्यो। पोखरा आएका पर्यटकमध्ये ३० प्रतिशत मात्र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन : तनहुँमा ६२ को उम्मेदवारी दर्ता

**पोखरापत्र संवाददाता**
**तनहुँ, २४ असोज**

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तनहुँमा ६२ जनाको उम्मेदवारी दर्ता भएको छ। दुई प्रतिनिधिसभा र चार प्रदेशसभा क्षेत्रका लागि ६२ जनाको उम्मेदवारी दर्ता भएको हो। तनहुँमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राप्रपा, राप्रपा नेपाल, जनता समाजवादी पार्टीका उम्मेदवारलगायत स्वतन्त्ररूपमा उम्मेदवारी दर्ता भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

तनहुँ-१ को प्रतिनिधिसभा सदस्यका लागि १६, प्रदेशसभा (क)का लागि १२ र प्रदेशसभा (ख) का लागि सात जनाको उम्मेदवारी दर्ता भएको निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो। तनहुँ-२ को प्रतिनिधिसभा सदस्यका लागि १०, प्रदेशसभा १ (क)का लागि १० र प्रदेशसभा (ख)का लागि सात जनाको उम्मेदवारी दर्ता भएको छ। तनहुँ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यका लागि नेपाली कांग्रेसबाट रामचन्द्र पौडेल, नेकपा (एमाले)बाट एकबहादुर राना, राप्रपाबाट विनोद घर्तीलगायतको उम्मेदवारी दर्ता भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत मीनबहादुर कुँवरले जानकारी दिनुभयो। त्यस्तै नेपाल मजदुर किसान पार्टीबाट रामकृष्ण त्यायना, जनता समाजवादी पार्टीबाट पासाङ थापामगर, राष्ट्रिय जनमुक्ति पार्टीबाट हस्तबहादुर थापा, राप्रपा नेपालबाट कृष्णप्रसाद पौडेल, मङ्गोल नेशनल अर्गनाइजेशनबाट प्रेमबहादुर थापाले उम्मेदवारी दर्ता गराउनुभएको छ। त्यस्तै स्वतन्त्ररूपमा गोविन्दराज जोशी, पृथ्वीनारायण श्रेष्ठ, प्रवीण पौडेल, रामचन्द्र कार्की, विश्वनाथ बाँस्तोलाले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराउनुभएको छ। तनहुँ-१ प्रदेशसभा (क) तर्फ कांग्रेसबाट अशोककुमार श्रेष्ठ, एमालेबाट रामबहादुर गुरुङ, जनता समाजवादी पार्टीबाट अर्जुन गुरुङ, राप्रपा नेपालबाट विजयकुमार शाही, राप्रपाबाट विवेक न्यौपाने, राष्ट्रिय जनमुक्ति पार्टीबाट भुवनसिं थापा, मङ्गोल नेशनल अर्गनाइजेशनबाट भीमबहादुर थापा, नेकपा (एकीकृत समाजवादी)बाट विद्या ढकाल, मौलिक जरोकिलो पार्टीबाट चिजकुमार श्रेष्ठले उम्मेदवारी दर्ता गराउनुभएको छ। त्यस्तै स्वतन्त्ररूपमा हरिराज जोशी, नगेन्द्र पौडेल र रामबहादुर थापाले उम्मेदवारी दर्ता गराउनुभएको छ। तनहुँ-१ प्रदेशसभा (ख)तर्फ नेकपा (माओवादी केन्द्र)बाट हरिबहादुर चुमान, एमालेबाट पूर्णबहादुर गुरुङ, एकीकृत समाजवादीबाट कलिला खान, राप्रपाबाट राजु गोतामे, राष्ट्रिय जनमुक्ति पार्टीबाट खेमबहादुर गुरुङ र जनता समाजवादीबाट किसान भुजेलले उम्मेदवारी दर्ता गराउनुभएको छ। तनहुँ क्षेत्र नं २ को प्रतिनिधिसभा सदस्यका लागि कांग्रेसबाट शङ्कर भण्डारी, एमालेबाट किरण गुरुङलगायतको उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत विपीनराज तिवारीले जानकारी दिनुभयो। त्यस्तै स्वतन्त्ररूपमा विष्णु पराजुलीको उम्मेदवारी दर्ता भएको छ।

क्षेत्र नं २ प्रदेशसभा (क)तर्फ माओवादी केन्द्रबाट राजेन्द्रकेशरी न्यौपाने, एमालेबाट श्यामराजा महतको उम्मेदवारी दर्ता भएको छ। क्षेत्र नं २ प्रदेशसभा (ख)तर्फ कांग्रेसका जितप्रकाश आले, एमालेका केदार सिग्देललगायतको उम्मेदवारी दर्ता भएको छ। निर्वाचन कार्यतालिकाअनुसार असोज २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने, मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने, असोज २५ गते उम्मेदवारको नामावली प्रकाशन गर्ने, २६ गते उम्मेदवारको नाम फिर्ता लिने, सोही दिन अन्तिम नामावली प्रकाशन गर्ने र निर्वाचन चिह्न प्रदान गरिनेछ। यसैगरी तनहुँमा ६२ जनामध्ये महिला उम्मेदवारको सङ्ख्या चारमात्रै रहेको छ। त्यसमध्ये प्रतिनिधिसभामा दुई र प्रदेशसभामा दुई महिलाले उम्मेदवारी दिएका छन्। तनहुँ क्षेत्र नं १, क्षेत्र नं २ को प्रतिनिधिसभामा महिलाको उम्मेदवारी परेको छ। क्षेत्र नं १ को प्रदेश (ख) र क्षेत्र नं २ को प्रदेश (ख) मा महिलाले उम्मेदवारी दिएको निर्वाचन कार्यालयले जनाएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव गुरुङको अवकाश

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव तेज बहादुर गुरुङले नवौं राष्ट्रिय खेलकुदको पूर्व सन्ध्यमा अवकाश पाएका छन् ।

६० वर्षे उमेर हदबन्दीका कारण सदस्य सचिव गुरुङले अनिवार्य अवकाश पाएका हुन् । खुला प्रतिष्पर्धा मार्फत १९ महिना अघि प्रदेश खेलकुद परिषद गण्डकीको स्थापना संगै चार वर्षका लागि गण्डकी प्रदेश सरकारबाट नियुक्ती पाएका थिए । गण्डकी प्रदेशमा ३९ वर्ष पछि आयोजना हुन गइरहेको नवौं राष्ट्रिय खेलकुदको तयारी र प्रतियोगिता चलिरहँदा गुरुङको अवकाश संगै प्रदेश खेलकुद परिषद भने नेतृत्वविहिन हुन पुगेको छ । गण्डकी प्रदेश खेलकुद परिषदको कार्यकारी तहबाट अवकाश पाउनु अघि एक पत्रकार सम्मेलनको आयोजना गरी सदस्य सचिव गुरुङले भने यसलाई नियमित प्रक्रिया रहेको बताए । उनले भने-"१९ महिनाको अवधिमा प्रदेशको खेलकुदलाई चुनौतीपूर्ण घडिमा स्थापित गर्न हामीले जुन भूमिका खेल्यौं त्यो



महत्वपूर्ण र उपलव्धिमुलक रहेको छ ।" आफूले अवकाश पाउनु भन्दा तिन महिना अघिनै प्रदेश सरकारलाई यस विषयमा जानकारी गराएको बताउँदै आफ्नो कार्यकालको अन्तिम समय सम्म सक्रिय रुपमा कार्य गरेको उनले बताए । अवकाश हुनु अघि सदस्य सचिव गुरुङले जारी गरेको प्रेस विज्ञप्तीमा भनेका छन्-"हाम्रो समाज र नेतृत्वले खेलकुद प्रतिको बुझाई धेरै सकारात्मक नभई सकेको अवस्थामा हाम्रा श्रोतमा धेरै सिमितता रहन्छ भन्ने कुरामा पूर्व अनुमान रहेकै विषय थियो ।" उनले भनेका छन्-"जुन हाम्रो निम्ति प्रमुख चुनौती थियो । तर त्यो चुनौतीलाई चिर्दै हामीले उपलव्धीमुलक रुपमा प्रदेशको खेलकुदलाई चलायमान बनाउन भूमिका मात्रै खेलेनौं निश्चित गन्तव्य र त्यहाँ पुग्नका लागि ठोस रणनितिक योजना तय गर्‍यौं ।" खेलकुदका लागि पोखरा राम्रो आयोजक र व्यवस्थापक रहेको तर समग्र खेलकुदको नतिजाको दृष्टिकोणले नतिजामुखी बन्न नसकेको तितो यथार्थ रहेको बताउँदै सदस्य सचिव गुरुङले यसका लागि भिजन र मिसन समेत तयार गरी चार खम्वे रणनितिक योजनाहरुका साथ अघि बढेको बताए । प्रदेशको भिजन स्टेटमेन्ट-'राष्ट्रिय गरिमा र सामाजिक रुपान्तरणका लागि खेलकुद'लाई सर्वव्यापी बनाउन प्रयास गरिएको उनले उल्लेख गरे । सोही परिणाम अनुसार उत्कृष्ट खेलाडी उत्पादन र शुनिश्चित जिवन शैली, अनुशन्धनात्मक कार्य, सबैका लागि खेलकुद, क्षमता अभिवृद्धि र सुशासन, पूर्वाधार एवं श्रोत परिचालन जस्ता महत्वपूर्ण कार्यक्रमहरु सम्पन्न गरी उपलव्धिमुलक रुपमा नतिजा प्राप्त गरिएको उनले दावी गरे । अवकाश पाउनु अघि सदस्य सचिव गुरुङले गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपाली, निवर्तमान मुख्यमन्त्री पृथ्वी सुव्वा गुरुङ, यूवा तथा खेलकुद मन्त्री राजिव गुरुङ प्रति आभार प्रकट गरेका छन् । आफ्नो १९ महिने कार्यकालमा सहयोग गर्नेहरु प्रति समेत सदस्य सचिव गुरुङले धन्यबाद दिँदै नेपाली समाजलाई खेल क्षेत्रको माध्यमद्वारा रुपान्तरण गर्न सकिन्छ भन्ने दृढ विश्वास सहित खेल क्षेत्रमा अघि वढि रहने प्रतिवद्धता समेत व्यक्त गरे ।

सो अवसरमा प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरुङ र सदस्य सचिव गुरुङले प्रदेश खेलकुद परिषद गण्डकीले प्रकाशित गरेको 'खेल्छ गण्डकी' बुलेटिन संयूक्त रुपमा विमोचन गरेका थिए ।

# प्रकट पगेनी 'शिव'लाई गीतकार सम्मान प्रदान गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

गीतकार प्रतिष्ठान, नेपालले गीतकार प्रकट पगेनी 'शिव'लाई गीतकार सम्मान २०७९ प्रदान गर्ने भएको छ । प्रतिष्ठानले आफ्नो दोस्रो साधारण सभाका अवसरमा पगेनीलाई सो सम्मान प्रदान गर्ने भएको हो ।

पोखरामा रहेर गीत र गजललाई प्रमुख विधाका रूपमा साधनारत पगेनीका 'यो मन कतै अल्झेको छ' र 'जूनको चिठी जुना'लाई गरी दुई गीत सङ्ग्रह प्रकाशित छन् । यसका अलावा प्रणयवेदका ऋचाहरू



(गजल सङ्ग्रह) र अक्षरभरि अक्षता (कविता सङ्ग्रह) उनका प्रकाशित कृतिहरू हुन् । तिसको दशकदेखि नै साहित्य साधनामा क्रियाशील प्रकटका चुलेसीमा..., वर ढले पीपल एक्लै... लगायत दर्जनौं गीत चर्चित छन् । पगेनीलाई गीतकार प्रतिष्ठानले असोज २९ गते शनिबार पोखरामा आफ्नो दोस्रो साधारण सभासँगै सम्मान गर्ने कार्यक्रम रहेको सचिव अनुराग अधिकारीले जानकारी दिए । उनका अनुसार प्रतिष्ठानले गीतकारहरूको हकहितका लागि विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ ।

सोही अवसरमा आजीवन सदस्यहरूलाई प्रमाण पत्र प्रदान गरिने पनि उनको भनाइ छ । २०७७ मा स्थापित प्रतिष्ठानले यसअघि गीतकार तीर्थ श्रेष्ठको एकल गीत वाचन कार्यक्रम सम्पन्न गरेको थियो ।

# नवौं राष्ट्रिय खेलकुद : फेन्सिङमा बागमतीलाई पहिलो स्वर्ण

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत आयोजित फेन्सिङको पहिलो स्वर्ण बागमती प्रदेशकी शिक्षा नापितले जितेका छन् ।

उनले व्यक्तिगत सेबर तर्फको इभेण्टमा शसस्त्र प्रहरी बलकी उर्मिला लामालाई पराजित गर्दै स्वर्ण जितेकी हुन् । उनी पोखरामा स्वर्ण पदक जित्ने पहिलो खेलाडी समेत बनेकी छन् । नेपाल आर्मीका रविना थापा र आर्मीकै मनिषा तेस्रो स्थान रहँदै कास्य पदकमा चित्त बुझाए । प्रतियोगिता ईपी, फोयल र सेबर इभेण्टमा व्यक्तिगत र टिम इभेण्टमा प्रतिस्पर्धामा



गर्ने छन् । प्रतियोगितामा दुई विभागिय सहित ६ टिमको सहभागिता जनाएका छन् ।

नेपाली आर्मी, शसस्त्र प्रहरी बलसहित गण्डकी प्रदेश, बागमती प्रदेश, प्रदेश नम्बर १ र सुदुरपश्चिम प्रदेशको सहभागिता रहेको छ । आठौंमा गण्डकी प्रदेशले फोयल टिम इभेण्टमा महिला तथा पुरुषमा कास्य पदक जितेको थियो ।

ह्याण्डबल तथा फेन्सिङ प्रतियोगिताको अर्थमन्त्री जनार्दन शर्माले उदघाटन गरेका थिए । उनले विश्वमा खेलकुद मात्रै स्वस्थ्य प्रतिस्पर्धा हुने जिकिर गरे । प्रतियोगितामा सहभागित खेलाडीहरुलाई विजयीको शुभकामना समेत व्यक्त गरे ।

# अर्थमन्त्री शर्माबाट उद्घाटन, उद्घाटन खेलमा घरेलु गण्डकीको सहज जित

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

नवौं संस्करणको राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत ह्याण्डबल खेल सुरु भएको छ ।

पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा सुरु प्रतियोगिताको नेपाल सरकार अर्थमन्त्री जनार्दन शर्माले उद्घाटन गरेका हुन् । मन्त्री शर्माले रेफ्रीलाई बल हस्तान्तरण गर्दै ह्याण्डबल खेलको उद्घाटन गरेका हुन् । मन्त्री शर्माले उद्घाटनमा बोल्दै स्वस्थ प्रतिस्पर्धा गर्न खेलाडीसमक्ष आग्रह गरे ।

खेलकुद स्वस्थ र स्वच्छ हुन्छ, खेलाडीले पनि स्वस्थ प्रतिस्पर्धामार्फत खेललाई उत्सवमा पुर्‍याउन आग्रह गरे। राष्ट्रिय खेलकुदमार्फत प्रतिभावान खेलाडीहरुको उत्पादन हुने उनको भनाई थियो ।

उद्घाटन खेलमा पुरुषतर्फ घरेलु गण्डकीले मधेश प्रदेशमाथि ६६-१३ को फराकिलो अन्तरले हरायो । उक्त खेलमा गण्डकीका चन्द्र केसीले सर्वाधिक १० गोल गरे । प्रतियोगितामा ७ प्रदेश र २ विभागीय गरी ९ टिमको सहभागिता छ। विभागीय नेपाल पुलिस र एनआरएनएले ह्याण्डबलमा सहभागिता जनाएको छैन । महिला/पुरुष गरी ९ टिमबाट खेलाडी, टिम प्रशिक्षक, टिम व्यवस्थापक र अफिसियल गरी ह्याण्डबलमा करिब ३ सयको सक्रिय सहभागिता छ । असोजको २९ गतेसम्म ह्याण्डबलका खेलहरु हुनेछन् ।

## दसैंमा...

बेगनास ताल पुग्ने गर्छन् । "बेगनास पुग्ने अधिकांश पर्यटक स्वदेशी नै हुने गर्छन्, केही मात्रामा विदेशी पुगे पनि उनीहरू रात बिताउनका लागि पोखरा नै फर्कने गर्छन", कार्यवाहक अध्यक्ष कँडेलले भन्नुभयो, "स्वदेशी तथा विदेशी पर्यटकलाई एक रात बेगनासमा नै बस्ने वातानवरण बनायौं भने पर्यटन मात्र हैन यहाँको डुङ्गा व्यवसाय फस्टाउने थियो ।" अब पर्यटक आउछन् कि भन्ने आशा रहेको अर्का डुङ्गा व्यवसायी विश्वनाथ कँडेलले बताउनुभयो । तालपारीका गाउँ बेगनास, माझठाना, सैमराङ, भाचोक, मिजुरेडाँडा र लमजुङको पसगाउँका मानिस ढुङ्गाबाट पोखरा बजार आवतजावत गर्ने गरेको जानकारी कँडेलले दिनुभयो ।

तीन सय ७३ हेक्टर क्षेत्रफलमा फैलिएको बेगनास तालमा नौका विहार गर्ने पर्यटकले अन्नपूर्ण हिमश्रृंखला, बेगनासको गाउँ, तालको छेउमा रहेको वराह थान, सुन्दरी डाँडा, माझठाना, कालिका, माझी कुना, तालका बाँध र ताल वरपरको जंगलको दृश्यावलोकन गर्न सक्छन् । बेगनास ताल डुङ्गा व्यवसायी समितिले आफ्नो खर्च चलाउन दुई मोटर र चार वटा प्याडलबोट सञ्चालनमा ल्याएको छ । मोटर बोटमा नौका विहार गरेवापत पर्यटककले प्रतिघण्टा चार सय रुपैयाँ तिर्नुपर्छ ।

# तनहुँमा ९९ जनामा डेङ्गु सङ्क्रमण

**पोखरापत्र संवाददाता**
**तनहुँ, २४ असोज**

तनहुँमा केही दिनयता ९९ जनामा डेङ्गु पोजेटिभ देखिएको छ । चार सय चारजनाको स्वास्थ्य परीक्षण गरिएकामा उनीहरूमा पोजेटिभ देखिएको हो ।

तीन सय पाँचजनामा भने नेगेटिभ देखिएको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । डेङ्गु रोगका बिरामीको सङ्ख्या बढ्दै गएपछि सचेत बन्नुपर्ने देखिएको छ । अन्य रोगका तुलनामा डेङ्गुका बिरामी बढ्दै जाँदा अस्पतालमा शय्याको अभाव हुन थालेको छ ।

गत शनिबार मात्रै ११ जनामा डेङ्गु पोजेटिभ देखिएको दमौली अस्पतालका इमरजेन्सी कक्षका अहेव राजेश क्षेत्रीले जानकारी दिनुभयो । अस्पतालमा दैनिक दुई सयको हाराहारीमा स्वास्थ्य परीक्षणका लागि आउने बिरामीमध्ये एक सयदेखि एक सय पचास जनासम्म ज्वरोका हुने गरेका छन् । डेङ्गु हुँदा मानिसमा उच्च ज्वरो आउने, ज्यान दुख्ने र बान्ता गर्ने लगायतका लक्षणहरू देखिन्छ । पन्ध्र शय्या क्षमताको अस्पतालमा ४० शय्यासम्म राखेर सेवा दिँदा पनि शय्या अपुग भएको उहाँले बताउनुभयो । डेङ्गुबाट बच्नका लागि टोलटोलमा गएर अझै मानिसहरूमा सचेतना फैलाउनुपर्ने अवस्था देखिएको अस्पतालले जनाएको छ । ज्वरो आएमा पारासिटामोल प्रयोग गर्ने, झोलिलो पदार्थ सेवन गर्ने र प्रशस्त मात्रामा पानी पिउने र आराम गर्न बिरामीलाई सुझाव दिने गरिएको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट अभिनन्दन तिवारीले जानकारी दिनुभयो ।

# गठबन्धनलाई बलियो बनाउन वरिष्ठ नेता पौडेलको आग्रह

**पोखरापत्र संवाददाता**
**दमौली, २४ असोज**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गठबन्धनलाई बलियो बनाएर निर्वाचनमा जान आग्रह गर्नुभएको छ ।

नेपाली कांग्रेस तनहुँको कार्यालयमा आज बसेको गठबन्धनका दलका नेताहरुको बैठकमा वरिष्ठ नेता पौडेलले गठबन्धन अहिलेको आवश्यकता भएकाले गठबन्धनलाई बलियो बनाउनुको विकल्प नभएको बताउनुभयो । तनहुँका चार प्रदेशसभा क्षेत्रमा गठबन्धनको घटक नेकपा (एकीकृत समाजवादी) का तर्फबाट उम्मेदवारी दर्ता भएका विषयमा पौडेलले उम्मेदवारी फिर्ता लिएर सहयोग गर्न आग्रह गर्नुभयो । "गठबन्धन जिल्लाबाट



नभई केन्द्रबाटै भएको हो, यस विषयमा विचार गरेर उम्मेदवारी फिर्ता लिनुस्", पौडेलले भन्नुभयो । वरिष्ठ नेता पौडेलले तनहुँ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराउनुभएको छ । त्यस्तै प्रदेश(क) अन्तर्गत सत्तारुढ गठबन्धनतर्फ नेपाली कांग्रेसका अशोककुमार श्रेष्ठ र नेकपा (माओवादी केन्द्र)बाट हरिबहादुर चुमानले उम्मेदवारी दर्ता गराउनुभएको छ । तनहुँका चार प्रदेशसभा क्षेत्रमा नेकपा (एकीकृत समाजवादी) को पनि उम्मेदवारी परेको छ । यसैगरी निर्वाचनको तयारीस्वरुप तनहुँ क्षेत्र नम्बर २ मा सत्तारुढ गठबन्धनको बैठक सम्पन्न भएको छ । बैठकले गठबन्धनलाई बलियो बनाएर जनतामाझ जाने निर्णय गरेको नेकपा (माओवादी केन्द्र) शुक्लागण्डकी नगर कमिटी अध्यक्ष मनराज गुरुङले जानकारी दिनुभयो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# शिक्षाबाट कोही पनि बन्चित हुन नपरोस

मानवलाई अगाडि बढाउने सबैभन्दा महत्वपूर्ण बाटो भनेको शिक्षा हो। मानवले कुनै पनि संचार माध्यमको सहयोगले कुनै विषयमा ज्ञान लिनु वा दिनु कार्यलाई शिक्षा भनिन्छ । ज्ञान लिनको लागि कुनै उमेर, जात, लिङ्ग, धर्म संस्कारले छेक्न सक्दैन । मानवले भुलादेखी श्वास लिने फाल्ने र दिमागले काम गरेसम्म शिक्षा हाशिल गरिरहेको हुन्छ । पूर्णरुपले कसैले कहिले पनि शिक्षा ग्रहण गरेको आजसम्म पाइएको छैन । शिक्षाकै कारण दिनप्रतिदिन नयाँ नयाँ खबर र विकासको अनुभति सवैलाई बढ्दै गएको पाइन्छ। शिक्षाकै कारण आज ढुङ्गे युगवाट कम्प्युटर युगमा संसार प्रवेश गरेको छ । २१औं शताब्दिका हामी मानव कतिपय समाज तथा समुदायमा मानवहरु अझैपनि शिक्षावाट बन्चित भएका पाइन्छ।

राज्यले शिक्षामा जति लगानी गरेपनि अहिले लाखौं नेपाली युवायुवतीहरु विदेशीन बाध्य भएका छन्। राज्यको लगानी बालुवमा पानी खनाए सरी भएको छ। कति नेपालीहरु आफ्नो ज्यान पनि गुमाईरहेका छन् । नेपालमा शिक्षामा अरबौ लगानी भएपनि व्यवहारिक पढाइ नहुँदा लाखौ युवा बेरोजगार भएपछि एउटा सुन्दर सपना बोकेर विदेशिने नेपालीहरु बाकसमा लास भएर नेपाल फर्किन परेका छन् । कति घरवारविहीन भएका छन् । हाम्रो देश नेपालको शिक्षा प्रणाली हेर्ने हो भने धेरै खालका भिन्नता देखिन्छ । कतिपय क्षेत्रहरुमा अहिलेसम्म पनि प्राथमिक तहको पढाइवाट बन्चित भइराखेका छन् । त्यही अन्धकार समाजमा गुन्जिएर शिक्षावाट बन्जित भैरहेका छन् । त्यसैले गर्दा एउटा असल व्यक्ति बनाउनको लागि पनि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। एउटा व्यक्तिदेखि लिएर समाज, समुदाय, राष्ट्रलाई पनि सुधार्नलाई शिक्षा आवश्यक छ । एउटा असल व्यक्ति, असल परिवार, असल समाज, असल समुदाय र असल राष्ट्र बनाउनलाई शिक्षा सवैभन्दा महत्वपूर्ण स्थानमा पुगेको छ ।

शिक्षाको महत्व पनि त्यतिकै आबश्यक छ। एउटा समाजमा सम्मानित व्यक्ति भएर जिउनको लागि शिक्षाको सवैभन्दा महुत्वपूर्ण स्थान छ। नेपालमै राम्रो रोजगार गर्नको लागि पनि शिक्षाको महत्व हुन्छ। एउटा जीवनको जति महत्व छ त्यतिनै शिक्षाको पनि महत्व छ। मानव जीवन जति महत्वपूर्ण छ सोही जीवनको मूल्य पनि उत्तिकै महत्वपूर्ण बन्दै गएको पाइन्छ । शिक्षाको पनि मूल्य छ। किन कि शिक्षा बिनाको जीवन मसी विनामा कलम जस्तै हो ।

मानव सबै कुरावाट पूर्ण भएपनि उनीहरुले यो संसार हेर्न, देख्न र बुझ्न अझै सकिरहेका पाइदैन् । यो संसार बुझ्न त्यति सजिलो पनि छैन् । जतिसुकै धन सम्पतिले भरिपूर्ण किन नहोस् तर उसँग शिक्षा छैन भने पनि उनले समाजमा कहिले पनि राम्रो स्थान पाउन सक्दैन । ज्ञानै भएन भने उसलाई कसरी सम्मान गरेर बोल्नु पर्ने कुराहरु थाहा नहुन सक्छ । यसैले गर्दा एउटा असल व्यक्ति, परिवार, समाज, समुदाय र राष्ट्र बन्नको लागि शिक्षाको धेरै आवश्यक र महत्व हुन्छ। आजको मितिवाट आर्थिककै कारण कोही पनि नेपाली शिक्षावाट बन्चित हुन नपरोस ।

# पहिरोले स्वास्थ्यचौकी जोखिममा

**पोखरापत्र संवाददाता**
**बागलुङ, २४ असोज**

निरन्तरको वर्षाका कारण बागलुङ नगरपालिका–८ सिगानाको स्वास्थ्यचौकी जोखिममा परेको छ।

स्वास्थ्यचौकीमुनि निरन्तररूपमा जमिन भासिने र पहिरो जाने भइरहेकामा निरन्तरको वर्षाका कारण पुनः पहिरो गएका कारण स्वास्थ्यचौकी उच्च जोखिममा परेको हो । निरन्तरको वर्षाले स्वास्थ्यचौकी भवनमुनि पहिरो गएका कारण स्वास्थ्यचौकीको भवनसमेत चर्किएको छ। चार वर्ष पहिला निर्माण भएको स्वास्थ्यचौकीको भवन पहिराको कारण उच्च जोखिममा पारेको बागलुङ नगरपालिका–८ सिगानाका वडाध्यक्ष राजु कार्कीले जानकारी दिनुभयो । बागलुङ नगरपालिकाबाट लामाचौर हुँदै बौडैचौर जाने सडकको घुम्तीबाट दुई वर्षअघि पहिरो खसेको थियो। निरन्तरको वर्षाका कारण अहिले थप पहिरो गएर स्वास्थ्यचौकीसम्मकै भाग चर्किएको कारण स्वास्थ्यचौकी जोखिममा रहेको कार्कीको भनाइ छ। भिरालो जमिनमाथि स्वास्थ्यचौकी भवन निर्माण गरेका कारण अहिले उक्त स्वास्थ्यचौकी नै विस्थापित हुने अवस्थामा पुगेको छ । स्वास्थ्यचौकीको पहिराले बागलुङ बजारबाट सिगाना हुँदै लामीचौर जाने सडकसमेत पटक–पटक अवरुद्ध हुँदै आएको छ।

गत वर्ष पहिरो रोकथाका लागि केही पूर्वाधार निर्माण गरे पनि अहिले उक्त संरचनासहित पहिरो गएको वडाध्यक्ष कार्कीले बताउनुभयो । कार्कीका अनुसार पहिरो मर्मतका लागि ठूलो रकम खर्च लाग्ने भएकाले बजेटका लागि नगरपालिकासँग पहल भइरहेको छ। "गत वर्ष पहिरो रोक्न केही काम गरेका थियौँ, अहिलेको पहिराले गत वर्षका काममा क्षति बनाएको छ, वडामा रु ५० लाखको बजेट छ तर त्यसलाई स्वास्थ्यचौकी संरक्षण अथवा अन्तै खर्च गर्ने भन्ने विषयमा छलफल भइरहेको छ", उहाँले भन्नुभयो, "निरन्तरको वर्षापछि पहिराले स्वास्थ्यचौकीसम्मै क्षति पुऱ्याएको छ।" रु एक करोड ८२ लाखको लागतमा निर्माण गरिएको सो भवन वातावरणीय मूल्याङ्कनबिनै निर्माण गर्दा समस्या भएको हो । स्वास्थ्यचौकीको झण्डै सय मिटर तलदेखि स्वास्थ्यचौकीसम्मै पहिरो गएर जमिन चिरा–चिरा परेको स्वास्थ्यचौकीका प्रमुख शान्ता शर्माले बताउनुभयो। पहिराले स्वास्थ्यचौकी मुनिका तीन घरसमेत जोखिममा पार्दै आएको छ।

# म्याग्दीमा तीन सिटका लागि २० जनाको मनोनयन

**पोखरापत्र संवाददाता**
**तनहुँ, २४ असोज**

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचनका लागि म्याग्दीमा २० जनाको मनोनयन दर्ता भएको छ । प्रतिनिधिसभामा एक र प्रदेशसभामा दुईवटा क्षेत्रबाट निर्वाचित हुने तीन पदका लागि ती उम्मेदवारी दर्ता भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार प्रतिनिधिसभामा स्वतन्त्रसहित नौ, प्रदेशसभा क्षेत्र (क) मा छ र (ख) मा पाँच जनाको मनोनयन दर्ता भएको सहायक निर्वाचन अधिकृत तेजनारायण पौडेलले बताउनुभयो । प्रतिनिधिसभा सदस्यमा सत्ता गठबन्धनबाट नेपाली काँग्रेसका खमबहादुर गर्बुजा (खम्बिर), नेकपा (एमाले)का हरिकृष्ण श्रेष्ठ, राप्रपाका जगतप्रसाद गौचन, राष्ट्रिय स्वतन्त्र पार्टीका हरि केसी, मङ्गोल नेशनल अर्गनाइजेशनका ओमराज मगर, नेप्लिज पिपल्स पार्टीका विष्णु घिमिरे खत्री, स्वतन्त्रबाट अन्नपूर्ण गाउँपालिका–६ का खीलबहादुर बरुवाल, बेनपा–७ का नवीन जिसी र अन्नपूर्ण–६ का विनोद भट्टचनले मनोनयन दर्ता गर्नुभएको छ । प्रदेशसभा क्षेत्र (क)मा एमालेका देवेन्द्रबहादुर केसी, गठबन्धनबाट नेकपा (माओवादी केन्द्र)का हरि भण्डारी, राप्रपाका प्रवीन शाही, राप्रपा नेपालका दूध गिरी, मङ्गोल नेशनल अर्गनाइजेशनका दीपक पुन र स्वतन्त्र नेत्रबहादुर महतले मनोनयन दर्ता गर्नुभएको छ । महत काँग्रेसबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवार बन्नुभएको हो।

प्रदेशसभा क्षेत्र (ख) मा एमालेका यामबहादुर गर्बुजा, गठबन्धनबाट माओवादी केन्द्रका रेशम जुग्जाली (सुविन), राप्रपाकी मिठु थापा, मङ्गोल नेशनल अर्गनाइजेशनका डेकबहादुर पुन (डिके) र स्वतन्त्र देविन्द्र फगामीले मनोनयन दर्ता गराउनुभएको जिल्ला निर्वाचन कार्यालयका कम्प्युटर अपरेटर सन्देश थापामगरले जानकारी दिनुभयो। जिल्लामा क्रियाशील नेकपा (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चाले सत्ता साझेदार दल काँग्रेस र माओवादीका उम्मेदवारलाई सघाउनेनीतिअनुसारमनोनयनदर्ता नगरेको जनाएका छन्। मनोनयन दर्ताका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयले फरक–फरक दललाई समय तोकेको थियो । तोकिएको समयमा प्रस्तावक, समर्थक र नेताहरूका साथमा पुगेका उम्मेदवारले मनोनयन दर्ता गराएका थिए। गठबन्धनका उम्मेदवार मनोनयन दर्ताका लागि सँगै मुख्य निर्वाचन अधिकृतको कार्यालयमा गएका थिए । मनोनयन दर्तापछि उम्मेदवारले नीति निर्माण तहमा म्याग्दीको भूगोल, समस्या र आवश्यकताको सम्बोधन गर्ने, सुरु भएका र अधुरा विकास आयोजनालाई पूर्णता दिने, शिक्षा, स्वास्थ्य, पूर्वाधार, खानेपानी, विद्युत्, पर्यटन, वनपैदावारको व्यवस्थापनसँगै रोजगारी सिर्जनामा प्राथमिकता दिने प्रतिबद्धता जनाएका छन्।

# ७६ जिल्लामा फैलियो डेङ्गु, ४४ को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

हालसम्म डेङ्गुका कारण ४४ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार गत साउनदेखि हालसम्म ३३ हजार नौ सय ७५ जनामा सो रोग सङ्क्रमण पुष्टि भएको छ । हालसम्म सातै प्रदेशका ७६ जिल्लामा डेङ्गु फैलिएको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा २७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। एक हजार पाँच सय ४६ नमूना परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो । सोमबार २६ कोरोना सङ्क्रमण मुक्त भएका छन् । सक्रिय सङ्क्रमितको सङ्ख्या ५६९ छ।

हालसम्म नेपालमा नौ लाख ९९ हजार नौ सय ११ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । नौ लाख ७८ हजार ३२४ जना सङ्क्रमणमुक्त भएका छन् । हालसम्म १२ हजार १८ जनाको कोरोनाका कारण मृत्यु भएको छ।

# बुद्धएयरको २५ वर्षे यात्रा : जहाज थपेर गन्तव्य विस्तार गर्ने योजना

**रासस**
**काठमाडौं, २४ असोज**

निजी क्षेत्रको अग्रणी हवाई सेवा प्रदायक कम्पनी बुद्ध एयरले २५ वर्षे यात्रा पूरा गरेको छ । रजत जयन्ती मनाइरहेको कम्पनीले जहाज थपेर गन्तव्य विस्तार गर्ने योजना बनाएको छ।

सन् १९९७ सेप्टेम्बर ११ तारिखका दिनदेखि व्यावसायिक हवाई उडान सुरु गरेको बुद्ध एयरले सन् २०२२ सम्म दुई लाख ६४ हजार नौ सय १८ उडानमार्फत कूल एक करोड ८० लाखभन्दा बढी यात्रुलाई सेवा प्रदान गरेको कम्पनीले आज पत्रकार सम्मेलन गरी जानकारी दिएको छ।

कम्पनीले असोज २५ (अक्टोबर ११ तारिख) मा वार्षिकोत्सव मनाउँदै आएको छ । सुरुआती चरणमा एउटा बीचक्र्याफ्ट १९०० डि मार्फत डोमेस्टिक उडान सुरु गरेको कम्पनीले हाल ७२ सिटे एटीआर जहाजसहित १६ वटा जहाजबाट सेवा दिइरहेको छ। देशका विभिन्न ४३ वटा हवाई रुटमा सेवा प्रवाह गरिरहेको कम्पनीले जनाएको छ।

बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले २५ वर्षे व्यावसायिक यात्राको दायरा फराकिलो बनाउँदै रजत जयन्तीबाट ५०औँ स्वर्ण जयन्तीसम्मको गन्तव्यका लागि नयाँ योजनाका साथ अघि बढ्ने बताउनुभयो । उहाँले यात्रुको सरल र सहज यात्रा तथा हवाई उडान सुरक्षामा कम्पनीले कुनै पनि सम्झौता नगर्ने भन्दै जहाजसँगै उडान गन्तव्य पनि क्रमशः विस्तार गर्दै लगिने बताउनुभयो।

"म व्यक्तिले बुद्ध एयरलाई २५ वर्ष डोऱ्याएर यो सफलतामा पुऱ्याएको छु, अब कम्पनीलाई संस्थागत गरिपुर्छ नयाँ धरातलमा जानुपर्छ, त्यसैले २५ वर्षे रजतजयन्ती मनायौँ, अबको २५ वर्षभित्र अर्को सफलताका लागि यात्रा तय गर्नुछ, त्यसैले केही न केही परिवर्तन गरेर जानैपर्छ", प्रबन्धन निर्देशक बस्नेतले भन्नुभयो । उहाँले आवश्यकताअनुरुप कम्पनी सञ्चालन ढाँचा परिवर्तन गरेर कम्पनी मोडलमा पनि जान सकिने धारणा राख्नुभयो। कम्पनीसँग एक हजार ५०० हाराहारी कर्मचारी छन् । भारतको बनारसमा अन्तर्राष्ट्रिय उडान गरिरहेको बुद्ध एयरले उडान अनुमति पाएको खण्डमा पोखरा र नेपालगञ्जबाट नयाँदिल्ली उडान सञ्चालन गर्ने योजना बनाएको छ। कम्पनीले यसअघि भारतको कोलकाता केही समय उडान गरेको भए पनि व्यावसायिक ढङ्गले सञ्चालन हुन नसकेपछि उक्त गन्तव्यको उडान स्थगित गरेको थियो। प्रबन्धन दिर्नेशक बस्नेतले भन्नुभयो, "अन्तर्राष्ट्रिय उडान सोचेजस्तो सहज रहेनछ हरेक प्रक्रियालाई पूरा गर्दा कठिन हुने रहेछ, त्यसैले हाम्रो फोकस डोमेस्टिकलाई अझ प्रभावकारी बनाउने छ। सम्भव भएसम्म अन्तर्राष्ट्रिय उडान पनि गर्न सक्छौँ।" बुद्ध एयरले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट नयाँदिल्लीका लागि दैनिक दुई उडान तथा नेपालगञ्जबाट पनि सोही सङ्ख्याको उडान अनुमति नेपाल नागरिक उड्डयन प्राधिकरणसँग मागेको थियो। अन्तर्राष्ट्रिय उडान एटिर ७२ जहाजबाटै गर्ने कम्पनीले जनाएको छ । मागेकोजति उडान नपाएकाले तत्काललाई कुनै निर्णय नभए पनि भविष्यमा यी गन्तव्यमा उडान गर्ने योजना रहेको प्रबन्ध निर्देशक बस्नेतले बताउनुभयो।

बुद्ध एयरका निर्देशक आस्था बस्नेत थापाले कम्पनीको व्यावसायिक योजनाबारे जानकारी दिँदै हवाई सुरक्षा र सेवा गुणस्तरमा कुनै सम्झौता नगरिने स्पष्ट पार्नुभयो। उहाँले अथ तीन वटा एटिआर जहाज भित्र्याएर कम्पनीको गन्तव्य विस्तार गर्ने योजना सुनाउनुभयो । बुद्ध एयरका बजार निर्देशक रुपेश जोशीका अनुसार अहिले कम्पनीले दैनिक एक सय ५० बढी उडानमार्फत आठ हजार हाराहारी यात्रुलाई सेवा दिइरहेको छ । नेपालमा आन्तरिकतर्फ ११ हेलिकप्टर कम्पनीसहित २० वटा वायुसेवा प्रदायकले उडान सेवा दिइरहेका छन्।

# डिएलए मेथडमा पुलिस ६३ रनले विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत महिला क्रिकेटमा नेपाल पुलिसले कर्णाली प्रदेशलाई ६३ रनले पराजित गरेको छ। पुलिस क्लबले दिएको १ सय ११ रनको लक्ष्य कर्णाली प्रदेशले पछ्याउँदै गर्दा वर्षाले खेल रोकिन पुग्यो। १०.२ ओभरमा खेल जारी रहँदा पानी परेको थियो । वर्षातका कारण बाँकि खेल सम्भव नभएपछि डिएलए मेथड अनुसार पुलिस क्लब ६३ रनले विजयी भएको हो।

खेल रोकिनु अघि कर्णाली प्रदेशले ७ विकेटको क्षतिमा १७ रन जोडेको थियो । कर्णालीका लागि दिक्षा पुरेले सर्वाधिक ७ रन बनाएकी थिइन् । दिव्या रानाले ३, करिश्मा राइले १ रन जोड्दा कर्णालीका ५ जना शुन्य रनमै आउट भए । पुलिस क्लबकी सवनम राई, संगीता राई, कविता जोशी, इश्वरी विष्ट र हिरनमाय रोयले समान १ विकेट लिए।

टस जितेर ब्याटिङ गरेको नेपाल पुलिस क्लबले निर्धारित १६ ओभरमा ६ विकेटको क्षतिमा १ सय १० रनको योगफल तयार पारेको थियो । मैदान भिजेका कारण ढिला शुरु भएको खेलमा ४ ओभर घटाइएको थियो। पुलिसका लागि सम्झना खड्काले २१ बलमा २ चौकाको मद्धतमा २५ रन बनाइन् । यसअघि काजल श्रेष्ठ र कविता कुँवरले पहिलो विकेटका लागि ३३ रनको साझेदारी गरे । कविता र काजल दुवैले समाज १६ रन बनाएका थिए। रेवती धामीले १४ रन बनाइन्। कर्णाली प्रदेशका लागि अन्जु गुरुङले ३ तथा बिना थापा र एन्जिला क्षत्रीले समान १ विकेट लिए । खेलमा पुलिसका सम्झना खड्का प्लेयर अफ द म्याच भइन्।

# सर्पले डसेर मृत्यु

**पोखरापत्र संवाददाता**
**वालिङ, २४ असोज**

गएराति सर्पले डस्दा स्याङ्जाको वालिङमा एक पुरुषको मृत्यु भएको छ।

स्याङ्जाको वालिङ–८ बोगटीडाँडाका ५५ वर्षीय निलबहादुर खाँणको उपचारका क्रममा गहौँ प्राथमिक अस्पताल वालिङमा निधन भएको अस्पतालका सूचना अधिकारी उदयबहादुर पौडेलले जानकारी दिनुभयो । गएराति ११:३० बजे सर्पले डसेपछि उपचारका लागि अस्पताल ल्याइएकामा त्यहाँ उपचार सम्भव नदेखिएपछि रिफर गरिएको उहाँले जानकारी दिनुभयो । "सर्पले डसेपछि अस्पतालसम्म ल्याई पुऱ्याउँदा विष लागिसकेको अवस्था थियो, रगतै वान्ता गर्नेलगायत लक्षण देखिइसकेको थियो", सूचना अधिकारी पौडेलले भन्नुभयो, "यहाँ उपचार सम्भव नभएपछि तत्कालै रिफर गऱ्यौँ तर बिहान ४ बजेतिर यहीँ अस्पतालमै बिरामीको मृत्यु भयो।"

# बेनी–जोमसोम सडकमा छ दिनपछि यातायात सञ्चालन

**रासस**
**लमजुङ, २४ असोज**

म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी जोमसोम सडकमा छ दिनपछि सिधा यातायात सञ्चालन भएको छ।

पहिरो र बाढीका कारण असोज १८ गते रातिदेखि अवरुद्ध भएको ७६ किलोमिटर दुरीको बेनी–जोमसोम सडकमा आज साँझदेखि सवारी सञ्चालन भएको बेनी–जोमसोम–कोरला सडक आयोजनाले जनाएको छ। आयोजनाका निरीक्षक इन्द्रसिंह शेरचनले पहिरो पन्छाएपछि सडकमा यातायात सञ्चालन हुन थालेको जानकारी दिनुभयो । म्याग्दीको बैसरी, नौनीबगर, जलथले, गुइठे, रुप्से र काँग्रेभिरमा पहिरो तथा बेगखोला, रुप्सेखोला र मुस्ताङको मार्फाखोलामा बाढीका कारण सडक अवरुद्ध बनेको थियो । आयोजनाको डोजर परिचालन गरेर पहिरो पन्छाइएको हो । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन, मुस्ताङको घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनलगायत जनप्रतिनिधि आफ्नो क्षेत्रमा पहिरो पन्छाएर यातायात सञ्चालनमा खटिनुभएको थियो। पानी पर्न छाडेपछि खोलामा बाढीको सतह घटेर यातायात सञ्चालन हुन थालेका छन् । बीच सडकमै रोकिएका सवारीसाधन गन्तव्यतर्फ लागेका छन् । सडक अवरुद्ध हुँदा यात्रुले सवारी साधन परिवर्तन गरेर गन्तव्यमा पुग्नुपर्ने बाध्यता थियो।

स्तरोन्नतिको क्रममा रहेको बेनी–जोमसोम सडकको म्याग्दी खण्ड पहिरोले ठाउँ ठाउँमा अवरुद्ध हुँदा मुस्ताङको पर्यटन व्यवसायमा असर परेको छ । विगतका वर्षमा दसैं लगत्तै घुम्न आएका पर्यटकले भरिभराउ हुने म्याग्दी र मुस्ताङका होटल सुनसान छन्। आवतजावतका साथै मुस्ताङमा उत्पादन भएको स्याउ, आलु लगायत कृषि उपज निकासी र निर्माण सामग्री तथा दैनिक उपभोग्य सामान ढुवानी प्रभावित भएको छ । बेनी–जोमसोम सडकले म्याग्दीको रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकालाई पनि राष्ट्रिय राजमार्गसँग जोड्छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : व्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| ककर्ट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाव | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

